# जलस्रोत ऐन २०७६

प्रस्तावना :

यस माङसेबुङ गाउँपालिका भित्रको भू सतहमा वा भुमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र बिकास गर्न, लाभदायक उपयोग तथा वाताबरणिय हानिकारक प्रभाबको रोकथाम गर्न र जलस्रोत प्रदुषण मुक्त राख्ने सम्बन्धमा साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) ध १ र दफा ११ (४) ग ३ ले निदिष्ट गरेको स्थानीय तहको क्षेत्राधिकार भित्रका खानेपानी तथा जलस्रोत संस्था व्यवस्थापन गर्न आवश्यक भएकोले माङसेबुङ गाउंपालिकाको गाउँसभाले यो ऐन स्वीकृत गरी जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस ऐनको नाम जलस्रोत ऐन, २०७६ रहेको छ ।

ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित गरीएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) **जलस्रोत** भन्नाले यस गाउंपालिका भित्रको भूसतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

ख) **लाभदायक उपयोग** भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ ।

ग) **अनुमति प्राप्त ब्यक्ति** भन्नाले जलस्रोतको उपयोग गर्न दफा ८ बमोजिम अनुमति पत्र प्राप्त ब्यक्ति वा सगंठित संस्था सम्झनु पर्दछ ।

घ) **उपभोक्ता सस्था** भन्नाले दफा ५ गठित जल उपभोक्ता संस्था सम्झनु पर्दछ ।

३. जलस्रोत स्वामित्वः गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व यस गाउँपालिकामा निहित रहनेछ ।

४. जलस्रोत उपयोग :

१ यो ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

२. उपदफा १ मा जुनसुकै कुरा भए पनि देहाय को निम्ति अनुमतिपत्र लिनुपर्ने छैन

क) व्यक्तिगत तथा सामुहिक आफ्नो खानेपानी, सिचाई, घरेलु रुपमा पानी घट्टा, ब्यक्तिगत रुपमा आवगमनको लागि ढुंगा र आफ्नो जग्गा भित्र सिमित जलस्रोत

३ उपयोग गर्ने ब्यक्तिले वा संस्थाले अरुलाई मर्का नपर्ने गरी उपयोग गर्नुपर्नेछ ।

५ जल उपभोक्ता संस्थाको गठन :

१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहाने ब्यक्तिहरुले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

२) उपदफा १ बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई तोकिएको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्दछ ।

६.उपभोक्ता संस्था सङ्गठित संस्था हुनेछः

१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित सस्था हुनेछ ।

२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपयोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न पाउनेछ ।

४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नाम बाट नालिस उजुर लाग्न सक्ने छ ।

७.जलस्रोत उपयोगको प्राथमिकताक्रम देहाय बमोजिम हुनेछ ।

क) खानेपानी र घरेलु उपयोग

ख) सिंचाई

ग) कृषिजन्य उपयोग

घ) जलविधुत

ङ) घरेलु उध्योग औद्योगिक, व्यवसाय तथा खानीजन्य उपयोग

च) जल यातायात

छ) आमोद प्रमोदजन्य उपयोग तथा अन्य

२) जलस्रोतको उपयोग गर्दा कुने विबाद उत्पन्न भएमा तोकिए को समितिले उपदफा १ को प्राथमिकताक्रम दफा ४ को उपदफा ३ बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सो आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने भन्नेको निधारण गर्दछ ।

३) उपदफा २ बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

४) उपदफा २ बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनु पर्ने कार्यविधी तोकिए बमोजिम हुनेछ ।

८.अनुमतिको व्यवस्था :

१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहाने व्यक्ति वा सस्थाले सम्बन्धित बिषयको आर्थिक, प्राविधिक र वातावरणिय अध्ययन प्रतिवेदन ता तोकिए बमोजिमका विवरणहरु खुलाई तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ । तर जलस्रोत सर्वेक्षणको लागि पर्ने छैन ।

२) उपदफा १ बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँजबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षताको अनुमतिपत्रको हकमा तीस दिन भित्र तोकिएको बमोजिमको ढाँचामा आवश्यक शर्तहरु तोकी दफा ७ को उपदफा १ मा उल्लेखित प्राथमिताक्रम अनुसार दरखास्तवालालाई अनुमति पत्र दिनुपर्नेछ ।

३) दफा ४ को उपदफा २ बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावै देखि जलस्रोत उपयोग गरिरहेको ब्यक्ति वा संस्था ले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक बर्ष भित्र तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत गाउँपालिकाले तोकिए बमोजिम दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

६) अनुमति प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

९. जलविद्युतको लागि जलस्रोतको उपयोग :

१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भएपनि जलविद्युत उत्पादन गर्नको लागि जलस्रोत सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिको सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२) जलविद्युतको उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य कुराहरु यसै ऐन बमोजिम हुनेछ ।

१० गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने :

१) गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा बिकास गर्नमा यस ऐनको कुनै कुराले बाधा पुर्याएको मानिनेछैन ।

२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि स्थानीय सरकारले आफैंले लिई बिकास गर्न सक्नेछ ।

३) उपदफा २ बमोजिम आफुले लिएको जलस्रोतको उपयोगसित सम्बन्धित जग्गाभ वन उपकरण वा संरचना वापत व्यक्ति लाई तोकिएबमोजिम क्षतिपूति दिनेछ ।

४) उपदफा ३ मा उल्लेखित क्षतिपुति बर्तमान मुल्यको आधारमा टुटफुट र ह्रास कटाई निर्धारित गरिनेछ ।

११.जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :

१) गाउँपालिकाले दफा १० को उपदफा १ वा २ बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम हस्तान्तरण गरेको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमति पत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्वन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

१२.जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने : यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी, सङ्गठित सस्था वा ब्यक्ति सित प्रचलित कानुनको अधिनमा रहि करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

१३ सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क अशुल उपर गर्न पाउनेः

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विकास गरेको जलस्रोतको सेवा अन्य कसैलाई आपसि शर्तको आधारमा उपलव्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असूल उपर गर्न सक्नेछ ।

(२) स्थानीय सरकारले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए वापतको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असूल उपर गर्न सक्नेछ ।

१४.सेवा रोक्न सकिने: सेवा उपयोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

१५.अरुको घर जग्गा मा प्रवेश गर्न सक्ने : गाउँपालिकाले वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गनु परेमा खटाइएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सुचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिकाले वा अनुमति प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिर्पूति दिनेछ ।

तर कुनै घरजग्गामा जलस्रोतको अनाधिकृत उपयोग वा दुरुपयोग गरी रहेको शंका हुने मनासिव माफिकको कारण भएमा सो कुराको जाचबुज गर्न वा कुनै दुर्घटनाबाट बचाउन सम्बन्धित घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

१६. अरुको घरजग्गाको उपयोग वा प्राप्ति :

(१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्ति ले गाउँपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

क) बाँध वा तटबन्ध बाँध्न,

ख) नहर, कुलो ,वा सुरुङ्ग खन्न,

ग) जमीन माथि वा मुनि पानीको ट्यांकी बनाउन वा पाइप लाइन विछ्याउन ,

घ) पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,

ङ) जलस्रोतको विकाससंग सम्बन्धित अरु आवश्यक निमार्ण कार्य गर्न ।

(२) उपदफा १ बमोजिमको निवेदन प्राप्त भएमा स्थानीय सरकारले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानुन बमोजिम सङ्गठित सस्थालाई जग्गा प्राप्त गराई दिए सरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ ।

(३) गाउँपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको विकास वा उपयोग सम्वन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाँउ वा सो ठाँउको वरिपरि तोकिएको दुरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित प्रयोग गर्न नपाउने गरी गाउँपालिकाले निषेध गर्न सक्नेछ । त्यसरी निषेध गरिएको कारणबाट सम्वन्धित व्यक्तिलाई पर्ने हानी नोक्सानी वापत गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

१७. जलस्रोतको उपयोगसंग सम्वन्धित संरचनाको सुरक्षा:

(१) जलस्रोतको उपयोग सित सम्वन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा गाउँपालिकाले आवश्यक प्रवन्ध गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले बेहोर्नेछ ।

१८. जलस्रोतको गुणस्तर तोक्ने :

(१) गाउँपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशित गरि जलस्रोतको विभिन्न उपयोगको सम्वन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ ।

(२) जलस्रोतको उपयोग गर्दा उपदफा १ बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नु पर्नेछ ।

१९. जलस्रोतलाई प्रदुषित गर्न नहुने :

(१) गाउँपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशित गरी जलस्रोतको प्रदुषण सहन सीमा तोक्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन सीमा नाघने गरि कसैले पनि कुनै किसिमको फोहोर मैला, निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुदैन ।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्वन्धमा दफा १८ को उपदफा १ बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्वन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

२०. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने : जलस्रोतको उपयोग गर्दा भूक्षय, बाढी, पहिरा वा यस्तै अरु कारणबाट वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२१. अनुमतिपत्र खारेज गर्न सकिने :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तगर्त बनेको नियम विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम तोकिएको अवधि भित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा २ बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्वन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

२२. दण्ड सजाय :

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उलङघन  गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रुपैया सम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसंग सम्वन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुर्याएमा वा त्यस्तो काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उधोग गरेमा निजबाट हानी नोक्सानीको विगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना वा दश बर्षसम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

२३.पुनरावेदन :

दफा १०, १५ वा १६ बमोजिम दिएको क्षतिपूर्तिको रकममा वा दफा २१ बमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा दफा २२ को उपदफा १, २ वा ३ बमोजिम तोकिएको अधिकारीले दिएको सजाय को आदेशमा चित्त नबुझ्ने ब्यक्तिले पैतिस दिन भित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२४. नियम बनाउने अधिकार :

(१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा १ ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी गाउँपालिकाले देहायका विषयमा नियमहरु बनाउन सक्नेछ ।

(क) खानेपानी, सिचाई, जलयातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्वन्धि उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग सम्वन्धि ।

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथामको विषयमा ।

(ग) वातावरण संरक्षण सम्बन्धमा ।

(घ) शुल्क सम्बन्धी, प्रदुषण रोक्न, उपभोक्तालाई सुविधा सम्बन्धी, साथै जलस्रोतको विकास तथा उपयोग सम्वन्धी अन्य आवश्यक कुराहरुमा ।

प्रमाणिकरण मिति : २०७६।३।३१